गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास कार्यालय

गोरखा ।

सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०८३।०८।०२

यस कार्यालयका लागि आर्थिक वर्ष २०८३/०८४ को असार मसान्त सम्मको लागि चारपाङ्ग्रे निजी सवारी साधन भाडामा लिनुपर्ने भएकाले इच्छुक तथा योग्य फर्म वा कम्पनीहरुबाट प्रचलित कानुन बमोजिम रितपूर्वक सिलबन्दी दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सूचना सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको वेभसाइट : idogorkha.gandaki.gov.np वा Facebook Page: 'पूर्वाधार विकास कार्यालय गोरखा' मा उपलब्ध रहेको छ।

साथै, यस सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धित कुनै असहजता वा समस्या उत्पन्न भएमा कार्यालयको इमेल : idogorkha@gmail.com वा idogorkha@gandaki.gov.np मा पत्राचार गर्न अथवा कार्यालयको टेलिफोन नं 064-420221 तथा मोबाइल नं.9856054232 मा सम्पर्क गरी आवश्यक सहजीकरण प्राप्त गर्न सकिनेछ।

कार्यालय प्रमुख

पूर्वाधार विकास कार्यालय

गोरखा

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास कार्यालय
गोरखा

पत्र संख्या :२०८३/०८४ (आ.प्र.शाखा)
चलानी नं.:

सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०२

यस पूर्वाधार विकास कार्यालय, गोरखालाई चालु आ.व. २०८३/०८४ मा स्वीकृत योजना तथा कार्यक्रमहरुको अनुगमन तथा कार्यान्वयनको लागि जिल्लाको सबै स्थानीय तह लगायत प्रत्येक वडामा पुग्न सक्ने ५ सिट क्षमता भएको तपसिल बमोजिमका सुविधाहरु भएको सवारी साधन मासिक रुपमा भुक्तानी हुने गरि मासिक भाडामा लिनुपर्ने भएकोले सवारीसाधन धनीले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र कार्यालयद्धारा तोकिएको ढाँचामा देहाय बमोजिमका शर्तहरुको अधिनमा रही आफ्नो सवारी साधनको मासिक भाडादर उल्लेख गरी दरभाउ पत्र पेश गर्नुहुन जानकारी गराईन्छ । रीत नपुगेको तथा म्याद नाघी पेश हुन आएको निवेदन उपर कुनै कारवाही नहुने वेहोरा यसै सूचना मार्फत सूचित गरिन्छ ।

शिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्ने कागजातहरु :

- मासिक प्रयोजनको लागि दरभाउ पत्र (अङ्क र अक्षरमा प्रष्ट बुझिने गरी) थान-१
- सवारीसाधन नविकरण भएको ब्ल्युबुकको प्रतिलिपि- १
- सवारी चालकको नविकरण भएको चालक अनुमति पत्रको प्रतिलिपि-१
- सवारी चालकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि-१
- सवारी साधनको व्यापक बिमा (COMPREHENSIVE INSURANCE) भएको प्रमाणको प्रतिलिपि-१
- सवारी साधनको नम्बर प्लेट स्पष्ट देखिने गरी खिचिएको रङ्गिन फोटो थान १

न्यूनतम शर्तहरु :

१. सवारी साधन मेकानिकल सुपरभाइजरवाट स्वीकृत कन्डिसनको, २०२१ मोडलभन्दा माथि, ४-WD भएको सवारी साधन कम्तिमा ५ सिट क्षमता भएको र आवस्यक सामान राख्न मिल्ने समेतको हुनुपर्नेछ ।
२. सवारी धनीले दरभाउ पेश गर्दा इन्धन वापतको खर्च बाहेक (सवारीचालक तलव भत्ता तथा सेवा सुविधा, मर्मत लगायतका विषयहरु सवारीधनिले वेहोर्नेगरी) मासिक दरभाउ पेश गर्नुपर्नेछ ।
३. दरभाउ पत्र पूर्वाधार विकास कार्यालय, गोरखाबाट खरिद गर्नुपर्ने छ।
४. दरभाउ पत्र खरिदको लागि रु. १०००/- कार्यालयको राजश्व खाता (१०००१००२०१०१०००४) मा जम्मा गरि दाखिला गरिएको सक्कलै भौचर पेश गर्नुपर्नेछ । दरभाउपत्र पेश गर्दा प्रत्येक पानामा सहिछाप गरि तपसिलमा उल्लेख भए बमोजिम जमानत वापत बैंक खातामा जम्मा भएको रु ५०,०००/- पचास हजार रुपैया मात्र को सक्कल बैंक भौचर वा दरभाउपत्र खोलिने दिनदेखी ७५ दिन सम्म मान्य अवधि रहेको बैंक जमानत सहित सिलवन्दी गरि यो सूचना प्रकासन भएको आठौं दिन अर्थात मिति २०८३/०८/०९ गते दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्ने छ ।रीतपूर्वक दर्ता भएका सिलवन्दी दरभाउपत्र सोहि दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कार्यालयलाई वाधा पुगेको मानिनेछैन ।
५. सवारी साधनको मर्मत संभार र सर्भिसिङ लगाएतको व्यवस्था सवारीधनी स्वयमले गर्नु पर्नेछ ।
६. सवारी भाडामा लिए पश्चात सवारी साधन सम्झौता अवधिभर/सार्वजनिक विदा/ शनिवारमा समेत कार्यालय परिसरमा राख्नुपर्नेछ/कार्यालयको काममा प्रयोग हुनेछ ।
७. सवारीसाधन विग्रेर सेवा दिन असमर्थ भएमा बैकल्पिक सवारीको व्यवस्था गर्ने जिम्मेवारी सवारी धनीको हुनेछ । अन्यथा उक्त अवधिभरको दिन गन्तीका हिसाबले हुन आउने रकम भुक्तानीयोग्य रकमवाट कट्टा गरि भुक्तानी गरिनेछ ।
८. सवारी लगबुकको अभिलेखिकरण सवारी धनीले व्यवस्थापन गर्नुपर्ने र रकम भुक्तानीको लागि लगवुकको प्रमाणित छायाँप्रति सहित पेश गर्नु पर्ने ।
९. कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका शिलबन्दी दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयसङ्ग सुरक्षित हुनेछ ।
१०. उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित/मौजुदा कानून आकर्षित हुनेछ ।

फोनः ०६४-४२०२२१ इमेलः idogorkha@gandaki.gov.np वेबसाइटः idogorkha.gandaki.gov.np

सन्तोष अर्याल
निमित्त कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास कार्यालय
गोरखा

पत्र संख्या :२०८३/०८४ (आ.प्र.शाखा)
चलानी नं.:

११. राजस्व खाता र धरौटी खाताको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

राजस्व जम्मा गर्ने प्रयोजनका लागी	दरभाउपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागी
बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक लि.	बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक लि.
कार्यालयको नाम : पूर्वाधार विकास कार्यालय, गोरखा	कार्यालयको नाम : पूर्वाधार विकास कार्यालय, गोरखा
कार्यालय कोड : ३३७०१३६०१४	कार्यालय कोड : ३३७०१३६०१४
राजस्व खाता नं : (१०००१००२०१०१०००४)	धरौटी खाता नं :ख-२-३-३०६०१००२०२०३००००
राजस्व शिर्षक नं :१४२२९	

१२. थप जानकारीको लागि कार्यालयमा सम्पर्क (श्री अनिल गुरुङ : ९८५६०५४२३२/०६४-४२०२२१) गर्न सकिनेछ ।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास कार्यालय
गोरखा
२०७३

कार्यालय प्रमुख
पुर्वाधार विकास कार्यालय
गोरखा

सन्तोष अर्याल
निमित्त कार्यालय प्रमुख